## अन्तर्वार्तामा उम्मेदवारहरुले ल्याउनुपर्ने कागजातहरु र अन्य जानकारी:

१. आफ्नो अन्तर्वार्ता हुने दिन प्रत्येक उम्मेदवारले अन्तर्वार्ता केन्द्रमा अनिवार्य रुपमा व्यक्तिगत विवरण फाराम भर्नुपर्नेछ ।

२. उम्मेदवारले देहायका सक्कल कागजात र सबै सक्कल कागजातका एक/एकप्रति प्रतिलिपि आफैँले प्रमाणित गरी फाइलसहित पेस गर्नुपर्नेछ।

क) नागरिकताको प्रमाण पत्र,

ख) प्रवेशपत्र,

ग) अध्यापन अनुमतिपत्र,

घ) सम्बन्धित तहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यता भएमा सो को ट्रान्स्क्रिप्ट,

ङ) विदेशी संस्थाबाट शैक्षिक उपाधि हासिल गरेको भए समकक्षताको प्रमाणपत्र,

च) हालसालै खिचिएको पासपोर्ट साइजको एक प्रति फोटो,

छ) कार्यरत भएमा अस्थायी नियुक्तिपत्र

ज) शिक्षा सम्बन्धी विषयमा कम्तिमा १० महिने तालिमको प्रमाणपत्र (शिक्षा विषय लिई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरह परीक्षा वा सो भन्दा माथिको शैक्षिक योग्यता हासिल गरेकाको हकमा त्यसैलाई तालिम मानिनेछ),

झ) सम्बन्धित तहमा अविच्छिन्न रूपमा अस्थायी वा राहत अनुदान कोटा अन्तर्गतको शिक्षक पदमा सेवा गरेका उम्मेदवारले सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखबाट प्रमाणित गरिदिएको सेवा प्रमाणित पत्र,

ञ) उम्मेदवारले ल्याएका सबै सक्कल प्रमाणपत्रका प्रतिलिपि, अविच्छिन्न सेवा प्रमाणितको सक्कलै कागजात र आयोगबाट उपलब्ध गराइएको व्यक्तिगत विवरण फाराम सहितको कागजातहरुको पञ्जीकरण तयार गरी पेस गर्नुपर्नेछ,

३. उल्लिखित सक्कल कागजात लिई नआउने उम्मेदवारलाई अन्तर्वार्तामा सामेल गराइने छैन ।

४. कुनै उम्मेदवारले अन्तर्वातामा आफू सफल हुने मनसायले कसैलाई भनसुन गरेको, फोन गरेको र व्यक्तिगत प्रलोभनमा पारेको पाइएमा त्यस्ता उम्मेदवारको परीक्षा आयोगले रद्द गर्न सक्नेछ ।

५. आयोगको पूर्व सूचना विना अन्तर्वार्ताको निर्धारित कार्यक्रम परिवर्तन वा स्थगित हुने छैन ।

६. विज्ञापनमा उल्लिखित उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता नपुगेको अवस्थामा त्यस्ता उम्मेदवारको दरखास्त फाराम शिक्षक सेवा आयोग नियामवाली, २०५७ को नियम २६(१) बमोजिम जुनसुकै समयमा पनि रद्द गर्न सकिनेछ ।

७. शिक्षक सेवा आयोग नियमवली, २०५७ को नियम २०(४) अनुसार माथिल्लो तहमा सिफारिश भइसकेका उम्मेदवारहरुको नाम नतिजा सूचीबाट हटाइएको छ । कुनै उम्मेदवारको नाम हटाउन छुट हुन गएको अवस्थामा जुनसुकै समयमा त्यस्ता उम्मेदवारको नाम सूचीबाट हटाइनेछ ।

८. नतिजा प्रकाशनसम्बन्धी कुनै त्रुटि पाइएमा आयोगमा रहेको अभिलेखसँग भिडाई सच्याइनेछ । यस सम्बन्धी अन्य जानकारी आयोगको website :- www.tsc.gov.np बाट लिन सकिनेछ ।